नेपाल सरकार

पाँचपोखरी थाङपाल गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

थाङपालधाप, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

२०७३

फोन: ०१-६२२३७०१

इमेल : ito.panchpokharithangpalmun@gmail.com

website: panchpokharithangpalmun.gov.np


पहिलो पटक प्रकाशित मिति २०७७/६/१२

## आन्तरिक आयतर्फको शिलबन्दी दरभाउपत्र आव्हान सम्वन्धी

~~ढुंगा गिटी वालुवा उत्खनन तथा बिक्री वितरण सम्वन्धी दरभाउपत्र आहवानको सूचना~~

स्थानीय निकाय सरकार संचालन ऐन, २०७४ को दफा ११ घ (६) मा व्यवस्थाभए अनुसारदेहाय बमोजिमआन्तरिक आय सकलनको (ठेक्का बन्दोवस्त) कार्य स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE)र गाउँ कार्यपालिकाको निर्णय अनुसार उल्लेखित न्यूनतम ठेक अङ्कमा नघटने गरी आ.व.२०७७/०७८ (आषाढ मसान्त सम्म) को लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएको हुँदा इच्छुक दर्तावाला फर्म वा संस्था वा कम्पनी (अनिवार्य रुपमा मू.अ.कर र पानमा दर्ता भएका) हरुवाट शिलबन्दी दरभाउपत्रपेश गर्न पुन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र तपसिलमा उल्लेखित अनुसार कानूनी प्रकिया पुरा गरेका योग्य फर्महरुले दरभाउपत्र खरिद गरी शिलबन्दि दरभाउपत्र यस कार्यालयमा दर्ता गर्न हुन अनुरोध छ ।

तपशिल

१) ढुंगा,गिटि वालुवाको लागि

| ठेक्का नं. | ठेक्काको क्षेत्र | न्युनतम बोल कवोल रकम (भ्याट बाहेकको रकम) | शुल्क प्रति घन फिट | संकलन र विक्री गर्न पाउने अधिकतम परिमाण |
|---|---|---|---|---|
| १/७७/०७८ | हाँडीखोला ईन्द्रावती दोभान क्षेत्र उत्खनन स्थल क्षेत्रका लागि | ३,५०,००० | रु.९ | ३८८९८.०३३ घन फिट |
| २/७७/०७८ | तिपेनी महादेव खोला उत्खनन स्थल क्षेत्र बाट | १,५,०००० | रु.९ | १६६६७.९५ घन फिट |
| | | | | |

शर्तहरु

१) ईच्छुक दरभाउपत्रदाताहरुले रकम रु. १०००(एक हजार मात्र दस्तुर) फिर्ता नहुने गरी पाँचपोखरी थाङ्गपाल गाउँकार्यपालिकाको कार्यालयमा नगद बुझाएको नगदी रसिद,आ.व. ०७५/०७६मा फर्म कम्पनी संस्थाको नविकरण भएको व्यवसाय दर्ता प्रमाण पत्र र स्थायी लेखा नम्वरको प्रमाण पत्र ,कर चुक्ता प्रमाण पत्र र मु.अ.कर दर्ता प्रमाण पत्रको प्रतिलिपी सहित यो सूचना प्रकाशन भएको मितिले तेश्रौ दिन सम्ममा छुटा, छुट्टै कार्यालय समय भित्र खरीद गरी सक्नुपर्नेछ ।

२)खरिद भएको दरभाउपत्रहरुको प्रत्येक पानामा सहीछाप गरी शिलबन्दी खाम वाहिर दरभाउपत्रदाताको नाम,ठेगाना,र ठेक्काको नाम लेखी खरिद गर्ने अन्तिम दिनको भोलिपल्ट चौथो दिनको ठिक १२ वजे भित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ ।

३) कार्यालयवाट प्रमाणित नभएको दरभाउपत्र फारामहरुलाई मान्यता दिइने छैन ।

४)धरौटी वापत कवोल अंकको३ (तीन) प्रतिशत रकम यस कार्यालयको मेघा बैक पाँचपोखरी थाङ्गपाल स्थित धरौटि खाता नं. ग. ११०००१०००८११९ मा नगद जम्मा गरेको सक्कल भौचर वा वोलपत्र दाखिला गर्ने अन्तिम मिति वाट १२० दिन सम्म म्याद भएको वैक जमानत (बैंक ग्यारेन्टी) वोलपत्र साथ संलग्न गरि पेश गर्नु पर्ने छ । उक्त धरौटी रकमलाई किस्तामा समावेश गर्न पाईने छैन र उक्त धरौटि रकम प्रचलित ऐन नियम अनुसार फिर्ता गरिने छ ।

५) दरभाउपत्र खरिद वा दर्ता गर्ने अन्तिम दिन विदा परेमा सो सम्वन्धी कार्य कार्यालय खुलेको दिनमा क्रमश: गरिने छ । रितपूर्वक पेश भएका टेण्डर दर्ता गर्ने समयसकिए लगत्तै सोही दिन दिनको २:०० वजे विभिन्न कार्यालयका प्रतिनिधि एवं दरभाउपत्रदाताहरुको रोहवरमा पाँचपोखरी थाङ्गपाल गाउँकार्यपालिकाको कार्यालयमा खोलिने छ । ठेकेदार वा निजको प्रतिनिधि उपस्थित नभए पनि टेण्डर खोल्न सकिने छ ।

६) दरभाउपत्र दाखिला गदाफर्म,संस्था वा कम्पनीको व्यवसाय दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्वरको प्रमाण-पत्र, आ.व. ०७५/०७६को कर चुक्ता प्रमाण-पत्र र मू.अ. कर दर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि र खरिद कारवाहीमा भाग लिन योग्य भएको तथा सो सम्वन्धमा कुनै कारवाहीमा नपरेको व्यहोराको स्व:घोपणा-पत्रको सक्कल प्रति समेत वालपत्र साथ पेश गर्नु पर्ने छ ।

०७७/०६/१२

प्र.प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

७) दरभाउपत्र फारामहरुमा अंक र अक्षर केरमेट नगरी स्पष्ट सँग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकालाई मान्यता दिइने छ । म्याद नाधी वा रीत नपुगी प्राप्त भएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

८) दरभाउपत्रस्वीकृत गर्ने वा नगर्नेसम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

९) कूल ठेक अंकसम्झौता गर्नु अगावै नगत दाखिला गर्नु पर्ने छ । एकमुष्ठ रकम नबुझाएमा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैकले यस कार्यालयको नाउमा जारी गरेको ०७६ साल असाढ मसान्तसम्म म्याद भएको बैंक ग्यारेण्टी (बैङ्क जमानत) ठेक्का सम्झौता गर्दा पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरि चलान पूर्जि दिईनेछ ।

(१०) दरभाउपत्र स्वीकृत भएपछि बाटोको म्याद बाहेक सूचना प्राप्त भएको वा घर दैलोमा सूचना टाँस भएको मितिले ७ (सात) दिन भित्र ठेक्का पट्टा वा चलानी पूर्जी लिन आउनु पर्ने छ । नआएमा वा दाखिला गर्नु पर्ने रकम दाखिला नगरेमा तोकिए बमोजिमको परफरमेन्सवण्ड र अन्य आवश्यक पर्ने कागजातहरु पेश गर्न नसकेमा धरौटी रकम जफत गरिने छ ।

(११) राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राखी कर उठाउन पाइने छैन ।

(१२) कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुने छैन ।

(१३) ढुङ्गा, बालुवा गिट्टी झिक्नु पर्ने स्थलसम्म जान आउन आवश्यक पर्ने बाटो बनाउन तथा बाटो मर्मत गर्नु पर्ने अवस्था आएमा ठेकेदारले आफ्नै तर्फबाट गर्नु पर्ने छ । ढुङ्गा, बालुवा, गिट्टी लिन कुनै व्यक्ति वा निकायका निजि जग्गा वा वन क्षेत्र भएर जानु पर्ने भएमा सम्बन्धित व्यक्ति वा निकायको स्वीकृत लिएर गर्नु परेमा स्वयं ठेकेदारले लिनु पर्ने छ ।(१४)ढुङ्गा, बालुवा, गिट्टी स्वीकृत IEEप्रतिवेदनमा उल्लेखित सुझाब अनुरुप मात्र निकाल्नु पर्ने छ।

(१५)घाटको सिमाना, IEEप्रतिवेदनका सुझाव, दररेट एवं अन्य ठेक्का सम्बन्धी केही बुझ्नु परेमा कार्यालय समयमा कार्यालयमा सम्पर्क गरी बुझ्न सकिने छ ।

(१६) ढुङ्गा गिटी, बालुवा, ग्राबेल रोडा पुलको दाँया वायाँ ( UP stream/Down Stream) ५०० मि, वन क्षेत्र र कुनै व्यक्तिको घर जग्गा कुलो बाँध आदिवाट निकाल्न पाईने छैन ।

(१७)नदी खोलाको घाट वा आकृती विग्रने गरी नदी किनारामा प्राकृतिक तवरले रहेका ढुङ्गा तोडन वा फोडन पाइने छैन । साथै ढुङ्गा, गिट्टी, बालुवा झिक्न मेसिनरी औजारको पूर्णरुपले बन्देज लगाईएको छ ।(यस सम्बन्धमा कुनै विवाद आएमा गाउँपालिकाको निर्णय वमोजिम हुने छ )

(१८)नेपाल सरकार,जिल्ला अनुगमन समितितथा यस कार्यालयले ठेक्का संचालन सम्बन्धमा समयसमयमा दिईएका नीति निर्देशनहरु ठेकेदारले पूर्ण रुपमा पालना गर्नु पर्ने छ ।

(१९)भिजेको चिसो बालुवाबाट पानी बगी बाटो बिगार्ने भएकाले चिसो बालुवा ढुवानीमा पूर्ण रोक लगाईएको छ । सुख्खा बालुवा छोपेरमात्र ढुवानी गर्न प्रवन्ध मिलाउनु पर्ने छ ।खोलाबाट उत्खनन गरिएका ढुङ्गा,वालुवा,गिट्टि घाट गद्धि गरेपश्चातमात्र विक्रि वितरणको प्रवन्ध मिलाउनु पर्ने छ ।

(२१)घाट क्षेत्रमा फोहर मैलाको उचित व्यवस्थापन गर्नु पर्ने छ ।

(२२)वस्ती क्षेत्रमा ध्वनी प्रदुपण नहुने गरी ढुवानीको कार्य तालिका पेश गर्नु पर्ने छ ।

(२३) कामदारहरुका लागि प्राथमिक उपचार, माक्स, हेल्मेट आदिको व्यवस्थापन साथै कामदारको आवश्यक बीमा गराउने कार्य स्वयं संस्था/फर्म/कम्पनीले नै गर्नु पर्ने छ ।

(२४) गत विगत वर्षहरुमा यस गाउँपालिका लाई बुझाउनु पर्ने ठेक्का रकम नबुझाउने व्यक्ति तथा फर्महरुले रकम बझाएपछि मात्र ठेक्कामा भाग लिन पाउने छ ।

(२५) वोलपत्रमा संलग्न विवरण अनुसारनबढने गरी ढुंगा, गिटी, बालुवा निकाल्नु पर्ने छ ।नेपालसरकाले रोक लगाएको अवधिमा नदिवाट संकलन गर्न पाईने छैन ।

(२६) स्वीकृत IEEको प्रतिवेदनमा उल्लेख भएका प्रावधानलाई समेत आधारमानी उल्लेखित रकममा नघटने गरी संकलन र बिक्री गर्नु पर्ने छ ।

(२७) यस सम्बन्धमा अन्य कुरा बुझ्नु परेमा पाँच पोखरी थाङ्पाल गाउँकार्यपालीकाको कार्यालय, सिन्धुपाल्चोक कार्यालय समय भित्र सर्म्पक राख्न सकिने छ ।

(२८) जसको नाममा दरभउपत्र खरिद गरिएको हो सोहि फर्म वा कँपनीको नामबाट मात्र दाखिला गर्नुपर्ने छ । यस कार्यालयबाट प्रमाणित नभएका दरभाउपत्रलाई मान्यता दिईने छैन र सोको छाँयाप्रति पनि स्वीकार्य हुने छैन ।

(२९) न्युनतम ठेक्का अकंभन्दा घटी कवोल गरी सिलबन्दी बोलपत्र पेश गर्न पाईने छैन , साथै ठेकेदारबाट कुनै शर्त राखिएको वा रित नपुगेको सिलबन्दी बोलपत्र माथि कुनै कारवाही गरिने छैन ।

(३०) उल्लेखित तोकिएको उत्खनन क्षेत्र बाहेक गाँउपालिकाले जुनसुकै क्षेत्रबाट खानीजन्य स्रोत वस्तुहरुको संकलन भई उपयोग भएमा समेत कर दस्तुर लाग्नेछ ।

(३१) वातावरण संरक्षण ऐन, २०५३ को दफा ३ तथा नियमावली, २०५४ को परिच्छेद २ बमोजिम EIA सम्बन्धी विषयहरु यस ठेक्काको सर्त मानी दुवै पक्षबाट पालना गरिने छ ।

(३२) कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

(३३) बोलपत्र दिदा कुनै किसिमको शर्त मान्य हुने छैन । साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

(३४) उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र बोलपत्र खरिद गरी १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा मार्फत बोलपत्र बुझाउनु पर्नेछ ।

(३६) यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पुरा नभएका बोलपत्रहरु मूल्यांकनमा समावेश गरिने छैनन् ।

०७६/०६/१२
नि.प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

आय ठेक्का सम्बन्धी थप अन्य शर्तहरु :

(१) वुदा नं. ९ मा उल्लेखित अनुसार ठेक बोलकबोल स्वीकत रकमनिम्न अनुसार तोकिएको समय सिमा भित्र तोकिएको किस्ता रकम वुझाउनु पर्ने छ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नवुझाएमा वैकवाट यस कार्यालयको नाउमा जारी गरि सम्झौतामा पेश गरिएको कार्य सम्पादन जमानतवाट सम्झौता अनुसारको ठेक्का रकम असुल गरिने छ । सो असुल उपरमा ठेकेदारले कुनै किसिमको हर्जाना दावि गर्न पाउने छैन ।

तपसिल :

| किस्ता | किस्ता वुझाउनु पर्ने मिति | रकम | कैफियत |
|---|---|---|---|
| पटै | ठेक्का सम्झौताको बखत | कबोल अंकको एकसय प्रतिशत | |

२) ठेकेदारले वन जंगल हानी नोक्सानी हुन नदिने गरी ढुंगा, गिटी, बालुवा झिक्ने प्रवन्ध मिलाउन पर्ने छ ।

३) ठेकेदारले जंगली जनावर तथा पशुपंक्षीहरुलाई तर्साउने, जाल थाप्ने तथा चोरी शिकारी हुन नदिने गरी ढुंगा, गिटी, बालुवा, झिक्नेप्रबन्ध मिलाउनु पर्नेछ ।

४) ठेकेदारले नदीको प्राकृतिक बहाव नखल्बलिने गरी ढुंगा, गिटी, बालुवा झिक्ने प्रवन्ध मिलाउनु पर्ने छ ।

५) ठेकेदारले व्यक्ति तथा समुदायबाट निर्माण गरिएका भौतिक संरचनाहरुको हानी नोक्सान हुन नदिने गरी ढुंगा, गिटी, बालुवा झिक्ने प्रबन्ध मिलाउनु पर्ने छ ।

६) ठेकेदारले ढुंगा, गिटी, बालुवा झिक्दा कामदारको रुपमा भरसक स्थानीय समुदायलाई रोजगारी दिने गरी आवश्यक व्यवस्था मिलाउनु पर्ने छ ।ठुला मेशिन प्रयोग गर्न पाईने छैन ।

७) ठेकेदारले जलचर तथा माछाहरुलाई प्रतिकूल प्रभाव नपर्ने गरी ढुंगा, गिटी, बालुवा झिक्ने प्रवन्ध मिलाउनु पर्ने छ ।

८) नदीको किनाराबाट भू-क्षय हुने गरी डिल, भिर, भित्तो खन खोरस गरी ढुंगा, गिटी बालुवा झिक्न पाइने छैन ।

९) गाडीमा प्रयोग हुने इन्धन तथा लुब्रिकेटश खोलामा मिसाउन पाउने छैन ।

१०) ठेकेदारले स्थानीय मागको आपूर्तिलाई प्राथमिकता दिनु पर्ने छ ।

क(११) ठेकेदारले कार्यालयले तोकेको प्राविधिकको निर्देशनमा ढुंगा, गिटी, बालुवा झिक्नु पर्ने छ ।

१२) ठेकेदारले सामाजिक मूल्य मान्यतामा नकारात्मक असर पर्ने कुनै क्रियाकलाप गर्न पाउने छैन ।

१३) आयकर १.५ र मू.अ. कर १३ % ले हुने रकम किस्ता वुझाउँदा दामाशाहीले यस कार्यालयमा नै ठेकेदारले वुझाउनु पर्ने वा सम्वन्धीत आन्तरिक राजस्व कार्यालयमा कर रकम समायोजन गरेको प्रमाण पेश गर्नु पर्ने छ ।

१४) ठेकेदारले नेपाल सरकारको प्रचलित ऐन, नियम, नीति, निर्देशनको पूर्णरुपमा पालना गरी ढुंगा, गिटी, बालुवा, झिक्नु पर्ने छ ।

१५) सम्झौता अनुसार ठेकेदारले उठाउने कर शुल्क कार्यालय द्धारा तोकिएको दररेट सहितको साईन वोर्ड सवैले देख्ने गरि सम्वन्धीत केन्दमा नै राख्नु पर्ने छ ।

१६) सम्झौता अनुसार तोकेको कर उठाउदाँ प्रयोग गर्ने संकलन तथा विक्रि तर्फका रसिदहरु ठेकेदारले स्वय छुटा,छुटैछपाई उक्त रसिदहरु यस कार्यालय राजस्व उपशाखा वाट प्रमाणित गराई प्रयोग गर्नु पर्ने छ । प्रमाणित नभएको रसिदवाट कर उठाईएको पाईएमा नियम अनुसार कारवाही हुने छ ।पुन : रसिद प्रयोगको लागि प्रयोग भएको अर्धकट्टि रसिद हरु यसकार्यालयमा पेश गर्नु पर्ने छ ।

१७) कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाहा सम्वन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुने छैन ।

१८) राष्ट्रिय सडक आयोजनाले छुट्टै IEE गरी उत्खनन गरीरहेको क्षेत्रवाट ढुङ्गा ,गिट्टि, बालुवा संकलन तथा विक्रिको लागि दावि गर्न पाईने छैन ।

१९) प्रचलित ऐन ,नियम ,कानून र सम्झौता र सूचनाको शर्तविपरित कार्य गरेमा जनुसुकै अवस्थमा कार्यालयले ठेक्का तोडन सक्नेछ र त्यसवाट कार्यालयलाई कुनै हानी नोक्सानी भएमाठेक्का लिने पक्षवाट सरकारी वाकी सरह असुल उपर गरिने छ ।

२०) यस गाउँपालिकाले अनुगमन गर्दा कानुन र मापदण्ड बमोजिम नपाइएमा प्रचलित कानुन बमोजिम हुनेछ ।

२१)ठेक्का सम्वन्धमा कुनै किसीमको विवादको स्थिति सिर्जना भएमा वा कार्यालय र ठेकेदार विच कुनै विवाद भएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ र सो मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

२२)ठेक्का अवधिभर ठेक्का तोडन पाइने छैन । विचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकम मा १० प्रतिशत व्याज जोडी असुल उपर गरिनेछ । बन्द,हडताल तथा असामान्य परिस्थिति आईपरेमा नेपाल सरकारको नितिगत निर्णयका आधारमा मात्र गाउँपालिकाले निर्णय गर्नेछ ।

२३) अन्य कुराहरुको हकमा प्रचलित ऐन, नियम अनुसार हुने छ ।

०८८/०६/१२

नि.प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner